# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०२ नवम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले देशलाई विकसित राष्ट्र बनाउन पुरुष अनि महिलाहरुको समान भागेदारी आवश्यक रहेको बताउनुभएको छ।
- उपराष्ट्रपति सी. पी. राधाकृष्णनले पुस्तकालयहरुलाई शिक्षाको मंदिर बताउनुभएको छ।
- प्रधानमंत्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीमा उदीयमान विज्ञान अनि प्रौद्योगिकी नवाचार सम्मेलन २०२५ को उद्घाटन गर्नुहुनेछ।
- चुनाउ आयोगले राज्यमा आगामी ४ नोभेम्बरदेखि शुरु हुन गइरहेको एसआईआर अभियानको अवधि समयमा फारम जमा नगर्ने मतदाताहरुको अलग सूची जारी गरिने स्पष्ट पारेको छ।
- मंगर संघ भारत खरसाङ शहर समितिको आयोजनामा आज सामुहिक देउसी कार्यक्रम सम्पन्न भएको छ।

**राष्ट्रपति**

राष्ट्रपति द्रौपदी मुर्मुले देशलाई विकसित राष्ट्र बनाउने संकल्प माथि जोड़ दिनुहुँदै यसको लागि पुरुष अनि महिलाहरुको समान भागेदारी आवश्यक रहेको बताउनुभएको छ। उहाँले उत्तराखंडको हरिद्वारमा पतंजली विश्वविद्यालयको दीक्षांत समारोहमा सबैसित देशलाई विकसित राष्ट्र बनाउनका  लागि मिलेर काम गर्ने आह्वान गर्नुहुँदै महिला शिक्षाको महत्वमाथि बल दिनुभएको छ। राष्ट्रपति तीन दिवसीय उत्तराखंड भ्रमणमा हुनुहुन्छ।

**उपराष्ट्रपति**

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले पुस्तकालयहरुलाई शिक्षाको मंदिर बताउनुभएको छ। उहाँले पुस्तकालयले आलोचनात्मक दृष्टिकोणलाई बढ़ावा दिने अनि व्यक्ति विशेष तथा समुदायलाई सशक्त बनाउने बताउनुभयो। उपराष्ट्रपतिले आज अंतर्राष्ट्रीय सम्मेलन पुस्तकालयले समुदायलाई सशक्त बनाउँदछ- वैश्विक परिप्रेक्ष्यलाई वर्चुअल रूपले संबोधन गर्नुहुँदै यो कुरो बताउनुभयो  हो। श्री राधाकृष्णनले भन्नुभयो आज को डिजिटल युगमा  पुस्तकालयले ज्ञान केंद्रको रूप मा कार्य गरिरहेको छ। पुस्तकालयले मानिसहरुलाई पुस्तकहरुको माध्यमबाट प्रामाणिक जानकारी प्रदान गर्ने कुरो पनि उपराष्ट्रपतिले बताउनु  भयो।

**पीएम - ई.एस.टी.आई.सी.**

प्रधानमंत्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीमा  उदीयमान  विज्ञान अनि प्रौद्योगिकी नवाचार सम्मेलन -ई. एस. टी. आई. सी-२०२५ को उद्घाटन गर्नुहुनेछ। यस अवसरमा प्रधानमंत्रीले देशमा अनुसंधान अनि विकास- आरएंडडी पारिस्थितिकी तंत्रलाई बढ़ावा दिनकालागि  १ लाख करोड़ रुपियाँको अनुसंधान  विकास अनि नवाचार योजना कोषको पनि शुभारंभ गर्नुहुनेछ। भोलिदेखि शुरू हुन गइरहेको यो तीन दिवसीय सम्मेलन आगामी 5 नोभेम्बरमा समाप्त हुनेछ। ईएसटीआईसी 2025 को उद्देश्य शिक्षा जगतए अनुसंधान संस्थानए उद्योग अनि सरकारबाट 3 हजार भन्दा अधिक प्रतिभागीहरुलाई एक साथ ल्याउन हो। यसमा वार्ता,  पैनल चर्चा,  प्रस्तुतीहरु अनि प्रौद्योगिकी प्रदर्शन शामेल हुनेछ  जसले भारतको विज्ञान अनि प्रौद्योगिकी पारिस्थितिकी तंत्रलाई सशक्त बनाउनका  लागि शोधकर्ताहरु,  उद्योग अनि युवा नव-प्रवर्तकहरु बीच सहयोगकोलागि एउटा मंच प्रदान गर्नेछ।

**इसरो सीएमएस ०३**

इसरोले आज बेलुकी श्रीहरिकोटा बाट भारतको सबैभन्दा भारी संचार उपग्रह सीएमएस ०३ लाई प्रक्षेपण गरेको छ। यो भारी रॉकेट बिलुकी ५ बजेर २६ मिनटमा सतीश धवन अंतरिक्ष केंद्रबाट प्रक्षेपित गरियो। यस मिशनको उद्देश्य नौसेना संचारलाई असल बनाउन अनि सुदूर क्षेत्रहरुमा डिजिटल कनेक्टिविटीलाई बढ़ावा दिन हो। यो भारतको सबैभन्दा शक्तिशाली रॉकेटको पाँचऔ परिचालन उड़ान हो। यो उपग्रह एक बहुबैंड सैन्य संचार प्रणाली रहेको छ।

**आकाशवाणी संगीत सम्मेलन**

आकाशवाणी संगीत सम्मेलनको ६७ औ संस्करण आजदेखि दिल्लीए मुंबई अनि चेन्नईमा संगीत कार्यक्रमहरुको साथ शुरू भएको छ। एक महीना सम्म चल्ने यस आयोजनको अवधि देश भरीका २४ शहरहरुमा शास्त्रीय संगीतको प्रस्तुतिहरु हुनेछ। यसको आयोजन प्रसार भारतीद्वारा संस्कृति मंत्रालयको सहयोगमा गरिन्दैछ। यस सम्मेलनले भारतको समृद्ध संगीत परंपराको संरक्षण गर्नए यसलाई प्रोत्साहन दिन तथा यसलाई लोकप्रिय बनाउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

**जलपाइगड़ी-एसआईआर**

जलपाइगड़ी जिलाको राजगंज ब्लॉकमा विशेष गहन पुनरीक्षण (एसआईआर) बारे जागरूकता शिविरको आज आयोजन गरियो। यो शिविर बिन्नागुड़ी ग्राम पंचायतको सीतागुड़ी बूथका पंचायत सदस्य ममता बानूको पहलमा गरिएको थियो। शिविरमा निवासीहरुलाई एसआईआर फॉर्म भर्ने अनि आवश्यक दस्तावेजहरु बारे जानकारी दिइयो। यसको साथै २००२ को मतदाता सूची पनि निवासीहरुलाई सुम्पियो। जलपाईगड़ी जिला तृणमूल कमेटीका सचिव अहिदर रहमानले यो जागरूकता शिविर क्षेत्रका निवासीहरुलाई एसआईआर बारे जानकारी दिनेका लागि आयोजित गरिएको बताउनुभयो। क्षेत्रका अधिकांश परीवार दैनिक मजदूरी गर्ने रहेकाले यो पहल मानिसहरुलाई एसआईआर फॉर्म भर्ने अनि २००२ को मतदाता सूची मा आफ्नो नाम खोज्नमा कुनै प्रकारको समस्या नहोस् भनी गरिएको बताइएको छ।

**पश्चिम बंगाल-एस आई आर**

राज्यमा मतदाता सूची सुधारलाई लिएर ठुलो पाइला चाल्दै चुनाव आयोगले आगामी चार नवंबरदेखि शुरू हुन गइरहेको विशेष गहन पुनरीक्षण (एसआईआर) को अवधि जुन मानिसहरुको फ़ॉरम समयमा जमा हुँदैन उनीहरुको नाम अलग सूचीमा जारी गरिने स्पष्ट पारेको छ। आयोगका एक अधिकारीले बताए अनुसार ड्राफ्ट मतदाता सूची नौ दिसंबरको दिन आउनेछ तर यस अघि नै यो स्पष्ट गरिने छ कि कुन मानिसको फ़ॉरम आयोग कहाँ पुगेको छैन जसपछि उनीहरुलाई मृत, फर्जी अथवा कतै अन्य ठाउँ गई बसेका मतदाताहरुको सूचीमा राखिनेछ। यसद्वारा असल मतदाताहरुलाई आफ्नो नाम हटाइएको कुनै समस्या नहोस् भनी सुनिश्चित हुने पनि अधिकारी ले बताएका छन्। चुनाव आयोगको यो निर्णय यस्तो समय मा आएको छ जब राज्यमा यसलाई लिएर धेरै राजनैतिक गर्मी बढ़ेको छ। तृणमूल कांग्रेसले कुनै असल मतदाताको नाम सूचीबाट हटेको खण्डमा विरोध गर्ने चेतावनी दिएको छ। आयोग अनुसार एसआईआरको यो अभियानलाई तीन चरणमा पुरा गरिनेछ। पहिलो चरणमा चार नवंबरदेखि बूथ लेवल ऑफिसर (बीएलओ) ले घर-घर गएर फ़ॉरम बाँड्नेछन् अनि भरिएको फ़ॉरमलाई जमा गराउनेछ। यस पछि ड्राफ्ट सूची जारी हुनेछ। दोस्रो चरणमा मतदाता अनि राजनैतिक दलहरुले कसैको नामको हिज्जे, गलत भएको अथवा ठेगाना परिवर्तन भएको आपत्ती दर्ता गर्न सक्नेछन्। आयोगले यी आपत्तिहरुको जाँच गर्नेछ। अंतिम चरणमा निर्वाचन पंजीकरण अधिकारीले सबै शिकायतहरुमाथि अंतिम निर्णय लिनेछ जसपछि अंतिम मतदाता सूची प्रकाशित हुनेछ। सम्पूर्ण प्रक्रिया मार्च २०२६ सम्ममा पुरा हुनेछ। उल्लेखनीय छ बंगालमा यस प्रकारको अन्तिम एसआईआर विगत २००२ मा भएको थियो।

**मंगर संघ-खरसाङ्ग**

प्रत्येक वर्ष झैं यसपाली पनि मंगर संघ भारत खरसाङ शहर समितिको आयोजनामा सामुहिक देउसी कार्यक्रम सम्पन्न भएको छ। यो देउसी कार्यक्रम खरसाङको बस बिसौनीस्थित गोर्खा सांस्कृतिक संस्थान् खरसाङको चिन्तन भवनमा

सम्पन्न भएको छ। गोर्खा जातीय संस्कृति र एकता कायम राख्ने उद्देश्यको साथमा मंगर संघ भारत खरसाङ शहर समितिको आयोजनामा प्रत्येक वर्ष आयोजना गर्ने गरेको छ। यसै क्रममा तिहारको अन्तिम दिन अर्थात् एकादशीको दिन आज आईतबार यो सामुहिक देउसी कार्यक्रम आयोजना गरिएको हो। सामुहिक रुपमा आयोजित यस देउसी कार्यक्रम वर्तमान मुख्य सल्लहाकार सीबी आलेको अगुवाईमा सम्पन्न भएको छ। यस सामुहिक देउसी कार्यक्रममा मुख्य अतिथिको रुपमा गोर्खा सांस्कृतिक संस्थान् खरसाङकी सचिव प्रनिता मुखिया घिसिङ उपस्थित रहेका थिए भने विशिष्ट अतिथिको रुपमा गोर्खा सांस्कृतिक संस्थान् खरसाङकी उप सभापति बिजया ब्लोन उपस्थित रहेका थिए। मंगर संघ भारत खरसाङ शहर समितिको आयोजनामा विगत २००५ सालदेखि घर घरमा देउसी खेल्ने प्रथा शुरु गरेर दुई वर्षपछि टोल टोलमा र अहिले सामुहिक देउसी कार्यक्रम आयोजना गर्ने गरेको जानकारी पाइएको छ। जातीय संस्कार र संस्कृति जगेर गर्ने उद्देश्यका साथमा देउसी कार्यक्रम शुरु गरिएको थियो। यो सामुहिक देउसी कार्यक्रम गत वर्ष खरसाङको भिक्टोरियामा आयोजना गरिएको थियो भने यसपाली गोर्खा सांस्कृतिक संस्थान् खरसाङको चिन्तन भवनमा सम्पन्न भएको छ।

**सिलगढ़ी-शराब**

प्रधान नगर थाना पुलिसले बंगालदेखि बिहार मदिरा तस्करीको योजनालाई असफल बनाइदिएको छ। मदिराको ठुलो खेपको साथमा दुइ मानिसलाई गिरफ्तार गरिएको छ। आरोपितहरुलाई गिरफ्तार गरेर पुलिसले २०० बोतल सिक्किम निर्मित मदिरा जफ्त गरेको छ। पुलिस सूत्र अनुसार हिज अबेर राती प्रधान नगर थाना पुलिसले गुप्त सुचनाको आधारमा सिलीगुड़ी जंक्शन स्थित एनबीएसटी बस स्टैंडमा अभियान चलाएर आरोपितहरुलाई गिरफ्तार गरेको हो। जफ्त मदिराको मात्रा लगभग १०० लीटर रहेको छ। जसको अनुमानित बाजार मूल्य लगभग तीन लाख रुपियाँ रहेको बताइएको छ। पुलिस आघिको कार्रवाईमा लागि परेको छ।

****** ० ******